नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

(आर्थिक प्रशासन शाखा )

फोन नं.
४२०००००
४२००४६०
४२००२८७
सिंहदरबार,काठमाडौं

प.सं. २०७२/०७३
च.न . १.१.३/ ३६६

मिति :- २०७२।११।०३

विषय :– बेरुजु फछ्र्यौट गराउने सम्वन्धमा ।

श्री स्थानीय पूर्वाधार तथा कृषि सडक विभाग,
श्री केन्द्रीय पंजीकरण विभाग,
श्री जिल्ला विकास समितिको कार्यालय, (सवै) ।
श्री महानगर/उपमहानगर/नगरपालिका कार्यालय, (सवै) ।
श्री समिति/आयोग/प्रतिष्ठानहरु, (सवै) ।
श्री आयोजना /कार्यक्रमहरु, (सवै) ।

यस मन्त्रालयले चालु आ.व मा विगतमा कायम भएका बेरुजु फछ्र्यौट गर्ने/गराउने बेरुजु कायम नहुने गरी कार्य गर्ने/गराउने विषयलाई उच्च प्राथमिकता दिई अनुशासन पालनका लागि कार्य गरिरहेको व्यहोरा अवगतै छ । यसर्थ मन्त्रालयवाट उपलब्ध गराईएको चालु आ.व को बेरुजु फछ्र्यौट सम्वन्धी कार्ययोजना अनुरुप देहायका बुदाँहरुलाई विशेष ध्यान दिई कार्य गर्नूहुन मिति २०७२।११।३ को निर्णय (सचिवस्तरीय) अनुसार अनुरोध छ ।

१. सवै निकायलाई लेखापरीक्षण सुझावहरुको अभिलेख राख्न एवं फछ्र्यौट कार्यको अनुगमन गर्न मन्त्रालयले तयार गरेको Audit Observation and Record Tracking System (AORTS) १ महिनाभित्र प्रयोगमा ल्याई जानकारी गराउने ।

२. बेरुजु फछ्र्यौट कार्ययोजना अनुरुप आफ्नो कार्ययोजनानुसार कार्य गर्ने । यस्तो कार्ययोजनाको पहिलो बुदामा कर्मचारीको नाममा रहेको बेरुजु २०७२ चैत्र मसान्तभित्रमा फछ्र्यौट गर्नुपर्ने । यो अवधिसम्ममा पनि बेरुजु फछ्र्यौट नभएमा त्यस्तो कर्मचारीलाई तत्कालै तलव, भत्ता लगायतका कुनै पनि सुविधा भुक्तानी नगर्ने ।

३. २०७२ चैत्र मसान्तभित्र प्रत्येक निकायले अनिवार्य रुपमा तोकिएको बेरुजु फछ्र्यौट सम्वन्धी लक्ष्य हासिल गर्ने गरी कार्य गर्ने ।

४. प्रत्येक विभागहरु, आयोजनाहरु, कार्यक्रमहरु, समिति/आयोग/प्रतिष्ठानहरुले आफु मातहतका विगतमा संचालित कार्यक्रमहरुको बेरुजु फछ्र्यौट गराउन आवश्यक कार्य गर्ने । प्रत्येक विभागीय प्रमुख एवं आयोजना प्रमुख र लेखा प्रमुखहरुको मूल्यांकन समग्र प्रगतिको आधारमा गरिने ।

५. बेरुजु फछयौट सम्बन्धी भए गरेका कामको प्रगति विवरण प्रत्येक १५/१५ दिनमा पठाउने ।

सुवास चन्द्र शिवाकोटी
उपसचिव (लेखा)

**बोधार्थ**

श्री बेरुजु फछ्र्यौट मूल्यांकन र अनुगमन समिति,
सिंहदरवार ।
श्री सूचना तथा विद्युतीय शासन शाखा :- उक्त पत्र Website मा राखिदिनु हुन ।